# कपिलवस्तु नगरपालिका कार्यालय

तौलिहवा, कपिलवस्तुको

## शिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७२।०१।२५

कपिलवस्तु नगरपालिका वडा नं. ३ र ५ को मुख्य सडकहरुमा सोलार स्ट्रिट लाइट जडान तथा कपिलवस्तु नगरपालिकाको नगर यातायात गुरु योजना (MTMP) निर्माण गर्नु पर्ने भएको हुंदा इजाजत प्राप्त आधिकारिक बिक्रेता वा सप्लायर्स, संघ, संस्था फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रहि शिलवन्दी दरभाउ पत्र, आर्थिक तथा प्राविधक प्रस्ताव आव्हान गरिएको छ ।

१. शिलवन्दी दरभाउपत्र, आर्थिक तथा प्राविधिक प्रस्ताव राष्ट्रिय दैनिक बुटवल टुडे पत्रिकामा प्रथम पटक प्रकाशित दिन मितिले १५औ दिन भित्र रु. ३०० तिन सय (फिर्ता नहुने गरि) जम्मा गरि आ.व २०७१।०७२ सम्मको मान्य हुने डिलरसिप दर्ता प्रमाण पत्र,आयकर र मु.अ.करमा दर्ता भएका स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र तथा आ.व. २०७०।०७१ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु संलग्न राखि दरभाउपत्र खरिदको लागि यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. खरिद दरभाउपत्र, आर्थिक तथा प्राविधिक प्रस्तावमा उल्लेखित सम्पूर्ण बिषयहरु प्रस्ट भरि दरभाउपत्र, आर्थिक तथा प्राविधिक प्रस्ताव छुट्टा छुट्टै सहि छाप गरि दाताको नाम ठेगाना, कामको विवरण स्पस्ट लेखि सूचना प्रकाशित भएको १६ औ दिन दिनको १२.०० बजे भित्रमा यस कार्यालयमा दर्ता गर्नु पर्ने छ (दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमासो को भोलिपल्ट कार्यालय खुलेको दिन दर्ता गर्न सकिने छ ) । दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे उपस्थित दरभाउपत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्र, आर्थिक तथा प्राविधिक प्रस्ताव साथ २.५% (दुई दशमलव पांच प्रतिशत) ले हुने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैकं तौलिहवा स्थित हि.नं. ३११०३०३००३००८ धरौटीमा जम्मा गरेको सक्कलै बैकं भौचर वा स्वीकृत प्राप्त बैकंको जमानी पत्र पेश गर्नु पर्ने छ । (बैकं जमानीको हकमा १२० दिन मान्य अवधि रहने छ ) ।

४. दरभाउपत्र, आर्थिक तथा प्राविधिक प्रस्ताव स्वीकृत भए पछि कवोल अकं को ५% ले हुने रकममा नपुग रकम वा बैकं जमानी पेश गरे पछि संझौता गर्न सकिने छ ।

५. दरभाउपत्र, आर्थिक तथा प्राविधिक प्रस्तावमा तोकिएको समय भित्र पेश गर्नु पर्ने छ । तोकिएको समय भित्र पेश नभएको दरभाउपत्र मान्य हुने छैन ।

६. दरभाउपत्रको दररेट पेश गर्दा अकं र अक्षरमा उल्लेख गर्नु पर्ने छ । अक्षर र अकंमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुने छ ।

८. दरभाउपत्र दाताले आफुले कवोल गरेको अकं मु.अ.कर बाहेकको हुनु पर्ने छ ।

९. यसमा लेखिएको हकमा यसै अनुसार र उल्लेख नभएको हकमा स्थानीय निकाय आ.प्र नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुने छ ।

| क.सं. | खरिद गर्ने सामानको विवरण | ठेक्का नं. | फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| १. | सोलार स्ट्रिट लाइट | १६।०७१।७२ | ३००।०० | २४५००।०० |
| २. | नगर यातायात गुरु योजना(MTMP) निर्माण | १७।०७१।०७२ | ३००।०० | २२,०००।०० |

कार्यकारी अधिकृत